# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १८ जुलाई २०२५

समयः १८:५० - १९:०० बजे

**<u>मुख्य समाचार</u>**

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज पश्चिम बंगालको दुर्गापुरमा ५ हजार करोड रुपियाँभन्दा अधिक मूल्यका धेरै विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नु भयो।

- पश्चिम बंगालका सरकारी र सहायता प्राप्त विद्यालयहरूमा कक्षा ९ देखि १२ सम्मका ३५ हजार ७२६ सहायक शिक्षक पदहरूमा नियुक्ति प्रक्रियाको लागि पश्चिम बंगाल स्कूल सेवा आयोग (WBSSC) ले हालसम्म पाँच लाखभन्दा बढी आवेदनहरू प्राप्त गरेको छ।

- दार्जीलिंग पहाडको चिया उद्योगमा कार्यरत श्रमिकहरुको दैनिक हाजिरा अनि वार्षिक पुजा बोनस अझै टुंगोमा नपुगेको भन्दै जोइन्ट फोरमले राज्य सरकार र चिया उद्योग संघलाई दुई वटा छुट्टाछुट्टै ज्ञापन सुम्पिएको छ।

- राष्ट्रिय राजमार्ग 10 अन्तर्गत बिरिक डाँडाको भूइँचालेमा आज पैह्रो गएपछि राजमार्ग पूर्ण रुपले बन्द भएको छ।

- गोर्खा दु:ख निवारक सम्मेलन दार्जीलिङको आयोजनामा आज २११ औ भानु जयन्ती समारोह एंव प्रथम माला कोइराला स्मृति ,सिद्धिनारायण प्रधान र आर.पी. लामा शैक्षिक पुरस्कार प्रदान गरियो ।

**<u>प्रधानमन्त्री-दुर्गापुर</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज पश्चिम बंगालको दुर्गापुरमा ५ हजार करोड रुपियाँभन्दा अधिक मूल्यका धेरै विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नु भयो। जन भेलालाई सम्बोधन गर्नु हुदै प्रधानमन्त्रीले भन्नु भयो, यी परियोजनाहरूले यस क्षेत्रको कनेक्टिभिटीमा उल्लेखनीय सुधार गर्नेछन् र ग्यास-आधारित यातायात र ग्यास-आधारित अर्थतन्त्रलाई प्रवर्द्धन गर्नेछन्। उहाले, यी परियोजनाहरूले स्टील सिटीको पहिचानलाई अझ बलियो बनाउने बताउनु भयो । श्री मोदीले पश्चिम बंगालमा धेरै संख्यामा वन्दे भारत रेलहरू चलिरहेको बताउनु भयो । उहाले दुर्गापुर स्टील सिटी हुनुको साथै देशको कार्यबलको प्रमुख केन्द्र पनि रहेको बताउनु भयो । उहाले दुर्गापुरले देशको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको बताउनु भयो ।

BYTE

**<u>बङ्गाल – स्कुल सेवा आयोग</u>**

पश्चिम बंगालका सरकारी र सहायता प्राप्त विद्यालयहरूमा कक्षा ९ देखि १२ सम्मका ३५ हजार ७२६ सहायक शिक्षक पदहरूमा नियुक्ति प्रक्रियाको लागि पश्चिम बंगाल स्कूल सेवा आयोग (WBSSC) ले हालसम्म पाँच लाखभन्दा बढी आवेदनहरू प्राप्त गरेको छ। आयोगका अध्यक्ष सिद्धार्थ मजुमदारले भन्नु भयो, WBSSC ले ३० मईमा यी पदहरूको लागि सर्वोच्च अदालतको निर्देशनहरूको पालना गर्दै सूचना जारी गरेको थियो। यसका लागि अनलाइन आवेदन पोर्टल १६ जुनबाट सुरु गरिएको थियो, जसको अन्तिम मिति पहिले जुलाई १४ तोकिएको थियो, तर पछि यसलाई जुलाई २१ सम्म बढाइएको थियो। जुलाई १७ सम्म पाँच लाख आवेदनहरू प्राप्त भएका छन् र यो अझ बढ्ने सम्भावना छ।

**<u>जोइन्ट फोरम</u>**

दार्जीलिंग पहाडको चिया उद्योगमा कार्यरत श्रमिकहरुको दैनिक हाजिरा अनि वार्षिक पुजा बोनस अझै टुंगोमा नपुगेको भन्दै पश्चिम बङ्गाल चिया उद्योगका ट्रेड युनियनहरूको हिल सब कमिटि जोइन्ट फोरमले राज्य सरकार र चिया उद्योग संघलाई दुईवटा छुट्टाछुट्टै ज्ञापन सुम्पिएको छ। पहिलो ज्ञापनपत्रमा जोइन्ट फोरमले २०२३–२०२४ आर्थिक वर्षको बोनस मुद्दा अझै थातिमा

रहेको उल्लेख गर्दै, पश्चिम बङ्गाल सरकार अन्तर्गत श्रम विभागलाई ध्यानाकर्षण गराएको छ। यस विषयमा ३ अप्रेल २०२५ को दिन सिलगडीको स्टेट गेस्ट हाउसमा बैठक भए तापनि त्यसपछि कुनै पनि छलफल नहुनु र समस्या समाधान नभएको कुराप्रति चिन्ता व्यक्त गरिएको छ। जोइन्ट फोरमले यो ढिलाइले श्रमिकहरूमा असन्तुष्टि बढेर गएको र यसले निकट भविष्यमा आन्दोलन वा अशान्तिकोस्थिति ल्याउन सक्ने चेतावनी दिएको छ।

**एन.एच.10**

आज बिहान लगभग 11 बजेर 30 मिनटतिर राष्ट्रिय राजमार्ग 10 अन्तर्गत बिरिक डाँडाको भूइँचालेमा पैह्रो गएपछि राजमार्ग पूर्ण रुपले बन्द भएको छ। तथापि बाटो खुलाउने प्रयास जारी रहेको छ। एन.एच.आई.डी.सी.एल.ले पैह्रो हटाउन 5 वटा मशीनहरु राखेको छ। तर माथिबाट पैह्रो झर्ने क्रम अझै जारी रहेको बताइएको छ। समाचार लेखुञ्जेलसम्म हाईवे खुलाउन सकिएको छैन। सबै यात्रीहरुले सुरक्षालाई ध्यानमा राखेर अन्य विकल्प मार्ग अप्नाउने पुलिस प्रसाशनले अनुरोध गरेको छ।

**सेभोक – पक्राउ**

खरसाङ पुलिस थाना अन्तर्गत सेभोक पुलिसको टोलीले पारिजात नगर, सेभोकस्थित एक पसलमा छापा मारी हरेंद्र बोहरा र पोफ्मा बोहरालाई पक्राउ गरेको छ। छानबीनको क्रममा उनीहरूको पसलबाट 1600 वटा निट्राजेपाम ट्याब्लेट्स आईपी 10 ग्राम जफत गरेको छ। यसको साथै लागु औषध बिक्रीबाट प्राप्त भएको एक लाख रुपियाँसमेत जफत गरेको जानकारी प्राप्त भएको छ। यस अभियान खरसाङका अतिरिक्त खण्ड अधिकारीको उपस्थितिमा एन.एस.पी.एस. ऐन अन्तर्गतका सम्पूर्ण कानूनी प्रक्रिया पालना गरी गरिएको र सम्पूर्ण कार्यको भिडियो रेकर्डिङ समेत गरिएको जानकारी गराइएको छ। यस मामिलामा खरसाङ पुलिस थानाले केस संख्या 97/25, धारा 21(ए)/22(ए)/29 एनडीपीएस ऐन अन्तर्गत मुद्दा दर्ता गरेको छ। दुवै अभियुक्तलाई दार्जीलिङस्थित विशेष एनडीपीएस न्यायलयमा पेश गरिएको थियो भने अभियुक्त महेन्द्र बोहरालाई 3 दिनको पुलिस रिमाण्डमा पठाइएको छ।

**बी.डी. ओ.**

गत बुधबार जामुने अन्तर्गत लोअर गोकमा ढुंगाको चपेटमा परेर मृत्यु भएको सिन्गेल चियाबारी कोठीधुरा निवासी प्रनिल जोगीको मृत्यु भएको थियो भने आज पीडित परिवारलाई राज्य सरकारद्वारा क्षतिपूर्ति स्वरूप २ लाख रुपिया प्रदान गरिएको छ I यस क्रममा खर्सांग खण्ड विकास अधिकारी कौशिक च्याटर्जी, आपदा विभागका कर्मचारी, खर्सांग पंचायत चमितिकी चियरमेन अनु प्रधान, सभासद नुरी शर्पा, पंचायत प्रधान सहदेव तामांग लगायत पंचायत सदस्यहरुको उपस्थिति रहेको थियो I

BYTE

**तीनधारे हिल-रन**

तीनधारे रनर्स र भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा तीनधारे महानदी समष्टिको संयुक्त आयोजनामा आगामी 7 सेप्टेम्बरको दिन 'तीनधारे हिल 10 किलोमीटर रन' आयोजना गरिने भएको छ। यसलाई लिएर आज विहान तीनधारेमा ट्रायल रनको आयोजना गरिएको थियो। यसै अवसरमा तीनधारे हिल 10 किलोमीटर रन' को लागि पञ्जीकरण गर्नलाई अनलाइन र अफ् फारम दुवैको लागि उदघाटन गर्दै शुरुवात गरिएको छ। यसका साथै रनका लागि जर्सीहरु पनि अनावरण गरियो I

****** ० ******